संघीय संसद
राष्ट्रिय सभा
सत्रौं अधिवेशन
बैठक-१९
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१७ बजे*
*बैठक स्थगित : १:३१ बजे*

२०८१ चैत १५ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको उन्नाइसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराहन १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले बैठक सञ्चालन गर्न लाग्दा सभामा प्रतिपक्षका माननीय सदस्यहरू उठेर सभा अवरूद्ध गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिपक्षका तर्फबाट **माननीय सदस्य तुल प्रसाद विश्वकर्माले** बोल्न समय माग गर्नु भएको हुँदा बोल्न समय उपलब्ध गराउनुभयो:

माननीय सदस्य **तुल प्रसाद विश्वकर्माले** हामिले निरन्तर रुपमा राखेको माग पुरा हुन सकेको छैन। संविधानको धारा ७६ को उपधारा १० बमोजिम प्रधानमन्त्री संघीय संसद प्रति जवाफदेही हुने व्यवस्था छ। तर यहा प्रधानमन्त्रीसँग जवाफको माग गर्दा प्रधानमन्त्री संसद प्रति अनुत्तरदायी रहेको अवस्था छ। कुलमान घिसिङलाई निकालेको विषयमात्रै हैन यहाँ सुशासनको विषय जोडिएको हुनाले प्रधानमन्त्रीको जवाफ नआउँदा सम्म यो सदनको कारवाही अगाडि नबढाउन अनुरोध गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले उठाउनु भएको विषय प्रति सभाको गम्भिर ध्यानाकर्षण भएको छ। हामी सत्रौं अधिवेशनको अन्त्य तिर पनि छौ। यहाँहरूको सकारात्मक योगदानको कारणले यस अधिवेशनमा पनि हामिले उल्लेखनीय मात्रामा विधेयकहरू पारित गर्न सफल भएका छौं। हामीलाई अहिले विभिन्न ५ वटा अध्यादेश प्रतिस्थापन विधेयकहरू पारित गरी प्रतिनिधि सभामा सन्देश पठाउने जिम्मेवारी पुरा गर्न समयको अन्तिम क्षण मात्र उपलब्ध छ। तसर्थ हाम्रो संस्कार, अभ्यास, जिम्मेवारी र गरिमालाई अक्षुण्ण राख्न यि जिम्मेवारी पुरा गर्ने मार्गमा हामी सबैले सकारात्मक सोंचका साथ अगाडि बढ्न आवश्यक छ। तसर्थ, आजको बैठकको काम कारवाहीलाई यसै सोंचका साथ अगाडि बढाउन सहयोग गर्नु हुन सबै माननीय सदस्यहरूलाई हार्दिक आग्रह गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्पूर्ण प्रतिपक्षले उठाउनु भएको विषयमा सभाको गम्भिर ध्यानाकर्षण भएको बताउँदै बसेर सभा सञ्चालन गर्न सहयोग गरिदिनु हुन अनुरोध गर्नु भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले निरन्तरको आग्रहलाई वेवास्ता गर्दै माननीय सदस्यहरूले आजको बैठकको कामकारवाहीमा अवरोध जारी नै राखेकाले राष्ट्रिय सभाको बैठक **आजै १ घण्टा** पछि बस्ने गरी बैठक स्थगित भएको जानकारी गराउनुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव